सन्दकपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मावुमोड, देउराली, इलाम
स्था. २०७३

प.स. : २०७७/०७८
च.नं : १६९८

१ नं. प्रदेश, नेपाल
मिति : २०७८/०२/२१

**विषयः शिक्षकको छुट प्राविधिक ग्रेड सम्बन्धमा ।**

**श्री सामुदायिक विद्यालयहरु तथा सरोकारवाला शिक्षकहरू सबै,**

**सन्दकपुर गाउँपालिका, इलाम।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. २०० मिति २०७८/०२/०९ को प्राप्त पत्रबमोजिम **२०७३ साल श्रावण यता कार्यरत रहेका वा सेवा निवृत शिक्षकहरुको छुट प्राविधिक ग्रेड** वापतको सुविधाका लागि तपसिल बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

**१. कार्यरत शिक्षकहरुले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिनुहुनः**

**क.** हाल कार्यरत रहेको तहमा वि.सं. २०५७/०४/०१ भन्दा अगाडि नै स्थायी भएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

**ख.** वि.सं.२०५७/०४/०१ भन्दा अगाडि नै सम्बन्धित तहको लागि आवश्यकपर्ने तालिम प्राप्त भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

**२. २०७३ साल श्रावण महिना यता सेवा निवृत शिक्षकहरुले देहायका कागजात सहित आफ्नो विद्यालयमा निवेदन दिनुहनः**

**क.** सेवा निवृत भएको तहमा वि.सं. २०५७/०४/०१ भन्दा अगाडि नै स्थायी भएको नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,

**ख.** वि.सं. २०५७/०४/०१ भन्दा अगाडि नै सम्बन्धित तहको लागि आवश्यक पर्ने तालिम प्राप्त भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

**ग.** अवकाश पत्रको प्रमाणित प्रतिलिपि,

**घ.** निवृतभरण अधिकार पत्रको प्रमाणित प्रतिलिपि,

**३. विद्यालयले देहाय अनुसार गर्नु गराउनु हुनः**

**क.** सम्बन्धित शिक्षकहरुबाट प्राप्त कागजातहरु रुजु र प्रमाणित गरी कार्यरत शिक्षकहरुको हकमा आर्थिक वर्ष २०७३/०७४ देखि २०७६/०७७ सम्मको प्रति महिना २ ग्रेड (एक दिनको तलब बराबर एक ग्रेड हुने) वापतको रकम प्रस्ताव गरी निकासाका लागि माग फारम पेश गर्ने र आर्थिक वर्ष २०७७/०७८ को हकमा चौथो त्रैमासिक माग फारमको साथमा निकासा माग गर्ने।

**ख.** सेवा निवृत शिक्षकहरुको हकमा २०७३ साल श्रावण महिनादेखि सेवा निवृत हुनु अघि सम्मको प्रति महिना २ ग्रेड (एक दिनको तलब बराबर एक ग्रेड हुने) वापतको रकम प्रस्ताव गरी निकासाका लागि माग फारम पेश गर्ने ।

**ग. २०७१ साल श्रावण महिनादेखि नै प्राविधिक ग्रेड कटौती भएको दाबी गर्ने शिक्षकहरुको हकमाः**

माथि उल्लेखित कागजातका अतिरिक्त आर्थिक वर्ष २०७०/०७१ को तेस्रो चौमासिक माग फारमको प्रतिलिपि र तलबी भर्पाई तथा २०७१ श्रावणदेखि २०७३ आषाढसम्मको माग फारम र तलबी भाईको प्रतिलिपि सहितको विवरण पेश गर्नुपर्नेछ।

**घ.** विद्यालयबाट प्राप्त कागजातहरु रुजु गरी आवश्यक पर्ने थप रकम चालु आर्थिक वर्षमा नै निकासाका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरमा पठाउनु पर्ने भएको हुँदा मिति २०७८/०२/३१ गतेभित्रमा यस कार्यालयमा उपलब्ध गराईदिनु हुन।

**बोधार्थः**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, सन्दकपुर गाउँपालिका, इलाम** (जानकारीका लागि अनुरोध छ) ।

**श्री सूचना तथा प्रविधि शाखा, सन्दकपुर गाउँपालिका, इलाम** (वेभसाइटमा अपलोड गरिदिनुहुन) ।

.....................
ध्रुव सेजवाल
शिक्षा अधिकृत

E-mail : sandakpurrm@gmail.com website :www.sandakpurmun.gov.np
phone no : 9801451741,9801451742